जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९,

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २१६ २०७९ साल चैत १५ गते बुधबार (29 Mar. 2023 Wednesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मतदाता संख्या बढ्दो, निर्वाचन. ३ पृष्ठमा : रक्सौल-काठमाडौं रेलमार्गको ... ३ पृष्ठमा कोभिडबाट असी लाखभन्दा ...


# छिमेकी मुलुक भारतमा कोरोना संक्रमण बढ्दै, सीमा नाकामा छैन सतर्कता

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

छिमेकी मुलुक भारतको विभिन्न राज्यमा कोरोना भाइरसको संक्रमण बढ्न थालेको छ । तर, सीमानाकामा भने सतर्कता अपनाइएको देखिन्न् ।

सप्तरीको तिलाठी, पातो, छिन्नमस्ता लगायतका नाकाबाट दैनिक सयौंको संख्यामा भारतबाट नेपाल प्रवेश गर्ने र नेपालबाट भारत जाने गरेका छन् । उनीहरुको स्वास्थ्य परिक्षण नगर्दा जोखिम बढेको स्वास्थ्यकर्मीहरु बताउँछन ।

केही महिना यता जिल्लामा कोरोना संक्रमण दर शून्यमा झरे पनि छिमेकी मुलुक भारतमा फेरी कोरोना भाईरसको संक्रमण बढ्न



थालेको छ । जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनिया लाल यादवले कोरोनाको संक्रमण सप्तरीमा पनि फैलिन सक्ने भएकाले सबै सर्वसाधारण सचेत रहन आग्रह गरेका छन् ।

नेपाल-भारत खुला सीमा नाकाबाट निर्वाध आवागमन भइरहेको तथा अधिकांशले मास्कको प्रयोग गर्न छाडेकाले समस्या निम्त्याउन सक्ने भन्दै उनले कोरोना संक्रमण पुन: फैलन नदिन उच्च सतकर्ता अपनाउन सबै संग अपिल गरे । उनले पीसीआर ल्याब हाल बन्द भएकाले पनि कोरोनाको वास्तविक अवस्था बुझ्न कठिन भएको बताए ।

संघिय सरकारको मातहतमा रहेको गजेन्द्र नारायण सिंह अस्पतालमा यस अघि ठूलै लगानीम पिसीआर प्रयोगशाला स्थापना गरिएको थियो । तर, कर्मचारीको अभावमा हाल परिक्षण सेवा ठप्प भएको मेडिकल सुपरिटेन्डेन्ट डा.प्रकाश साहले बताए ।

उक्त प्रयोगशाला गत बैशाख देखि नै बन्द रहेको अस्पतालका कर्मचारीहरुले बताएका छन । यता विगतमा नाकाहरुमा हेल्थ डेस्क स्थापना गरी परिक्षण गरिदै आएकोमा हाल ५/६ महिना देखी सो कार्य पनि बन्द रहेको छ ।

# म्याजिकले बसलाई ठक्कर दिदा तीन जना तथा अन्य सवारी दुर्घटनामागरि ६ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

सप्तरीको विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा परि ६ जना घाइते भएका छन् ।

पछिल्लो पटक मंगलबार जिल्लाको कंचनरुप नगरपालिका ८ बेरियरस्थित ईलाका प्रहरी कार्यालय कंचनपुर सप्तरीको कार्यालय आगाडि पुर्व पश्चिम लोकमार्गमा म्याजिकले बसलाई ठक्कर दिद म्याजिक चालकसहित तीन जना घाइते भएका छन् ।

पश्चिमबाट पूर्वतर्फ आउदै गरेको को.१ज.२८९४ नं. को म्याजिकले बिपरित दिशातर्फ जादै गरेको को.१ख.४९९८ नं. को बसलाई ठक्कर दिदाँ दुबै सवारीमा सवार तीन जना घाइते भएका हुन् ।

घाइते हुनेमा म्याजिक चालक जिल्लाकै कंचनरुप ८ बस्ने २५ वर्षिय अशोक कुमार मण्डलको टाउँको र शरिरको विभिन्न भागमा चोट लाग्दा उनको अवस्था गम्भिर रहेको प्रहरीले जनाएको छ । यस्तै म्याजिकमा सवार स्थानिय ४० वर्षिय मुरालि पासवान र बसमा सवार सुनसरीको रामधुनि नगरपालिका २ बस्ने ७ वर्षिय आर्यान सरदार रहेका छन् ।

तीनै जनाको एमडिएस अस्पताल रुपनगरमा उपचार भईरहेको तथा बस, बस चालक र म्याजिक प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै सोमबार जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका ३ पोर्ताहस्थित राजमार्गमा पश्चिमबाट पुर्वतर्फ जादै गरेको प्र.१-०१-००१५प.४९२४ न. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदा मोटरसाइकल चालक घाइते भएका छन् ।

घाइते हुनेमा झापाको हरिबारि गाउँपालिका ३ बस्ने ३९ वर्षिय खगेन्द्रप्रसाद लिम्बु रहेको प्रहरीले जनाएको छ । उनको बाँया खुटामा चोट लागेकोले भारदह अस्पतालमा उपचार पश्चात थप उपचारका लागि धरान पठाइएको प्रहरीले जनाएको छ ।

यस्तै सोमबारै राजबिराज नगरपालिका २ स्थित पुर्वबाट पश्चिम तर्फ आईरहेको ना.७ख. १८४१ नं.को ट्रकले तेतरीगाछीस्थित दोबाटोमा उत्तरबाट पुर्वतर्फ मोडिने क्रममा

*बाँकी अन्तिम पृष्ठमा*

# संघीय ऐनका कारण चाहदा चाहदै पनी अनुकुल काम गर्न सकिरहेको छैन् : मन्त्री लेखी




**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

मधेश प्रदेशका कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्री राज कुमार लेखीले संघीय ऐन लागू हुने कतिपय सवालमा चाहदा चाहदै पनी अनुकुल काम गर्न नसकिरहेको बताएका छन् ।

मंगलबार राजविराजमा कानुन न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयले आयोजना गरेको स्थानीय निकायमा हुने कानुन निर्माण प्रक्रियामा सहजीकरण र न्याय सम्पादन विषयको अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन ।

उनले चाँडैचाँडै सरकार फेरबदल हुने गर्नाले काम गर्न पनि विलम्ब हुने बताउँदै यसका बावजुत पनि प्रहरी तथा निजामति सेवाको सवालमा व्यवस्थित गर्ने काम संघीय सरकारले अगाडि बढाएको जानकारी दिए ।

मन्त्रालयका सचिब उत्तम प्रसाद खरेलको अध्यक्षतामा आयोजित अन्तरक्रियामा स्थानीय पालिकाका अध्यक्ष, उपाध्यक्ष, न्यायीक समितिको पदाधिकारी लगायतको सहभागीता रहेको छ । सो कार्यक्रममा कानुन तर्जुमामा देखिएका समस्या तथा न्यायीक समितिमा बढी पर्ने गरेका विवादहरुको बारेमा समेत बृहत् छलफल गरिएको छ ।

# इटाभट्टाको पर्खाल भत्किदा एक भारतीय मजदुरको मृत्यु, मृतकको श्रीमतीसहित दुई गम्भिर



**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

सप्तरीको रुपनी गाउँपालिकास्थित एक इट्टाभट्टाको पर्खाल भत्किदा मंगलबार एक भारतीय मजदुरको मृत्यु भएको छ भने सो घटनामा मृतकको श्रीमतीसहित दुई जना मजदुर गम्भिर घाईते भएका छन् ।

सो गाउँपालिका वडा नं. २ पिपराहीस्थित जेएसआर इट्टा उधोगमा मंगलवार विहान ७ बजेतिर इट्टा निकाल्ने क्रममा पर्खाल भत्किदा भारतको पश्चिम बंगाल राज्य कुचविहार ग्राम पंचायत अठरजनी निवासी ४५ वर्षिय अलिम अजिमको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार पर्खालले च्यापिएर गम्भीर घाईते भएका उनको गजेन्द्र नारायण सिह अस्पताल राजविराजमा उपचारको क्रममा मृत्यु भएको छ ।

घट्नामा मृतककी २८ वर्षिय पत्नी भुजिन विवी र सोही ठाँउ निवासी २५ वर्षिय जमालरुल हक घाईते भएका छन । दुबै जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ३६ परिक्षाकेन्द्र मार्फत एसईईका लागि सप्तरीमा ९ हजार ५ सय २७ विद्यार्थी सहभागी हुँदै




**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

अगामी चैत १७ देखि मुलुकभर संचालन हुने माध्यमिक शिक्षा परिक्षा (एसईई) मा यस वर्ष सप्तरीबाट ९ हजार ५ सय २७ विद्यार्थी सहभागी हुने भएका छन् ।

शिक्षा विकास तथा समन्वय एकाईका निमित्त प्रमुख राजदेव यादवले यसका लागी जिल्लाभर ३६ वटा परिक्षा केन्द्र निर्धारण गरिएको र परिक्षा केन्द्रमा खटिने केन्द्राध्यक्ष, सहकेन्द्राध्यक्ष, शिक्षक तथा कर्मचारीको अन्तिम टुङ्गो बुधवार सम्म लगाई सक्ने

*बाँकी दुई पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिका, सप्तरी**

# मतदाता संख्या बढ्दो, निर्वाचन खर्च घट्दो

**प्रकाश सिलवाल**
काठमाडौँ, १४ चैत (रासस)।

मतदाता सङ्ख्या र बजार महँगी बढ्दो भए पनि अनावश्यक खर्च कटौती गरिएका कारण विगतको तुलनामा यस वर्षको निर्वाचनमा कम खर्च भएको देखिएको छ।

गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा हालसम्मको विवरणमा करिब रु सात अर्ब ५० करमेड खर्च भएको अनुमान छ भने नेपाल सरकारले सो निर्वाचनका लागि विनियोजन गरेको मध्ये करिब रु तीन अर्ब ५० करोड फिर्ता हुने देखिएको छ। आगामी वैशाख १० गते हुने उपनिर्वाचनसमेतको खर्च विवरण समावेश भई महालेखा परीक्षकले लेखा परीक्षण गरेपछि वास्तविक खर्च थाहा हुनेछ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालका अनुसार गत वैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनको खर्च विवरण भने यकिन भइसकेको छ। यस वर्षको स्थानीय तह निर्वाचनमा एक करोड ७७ लाख ३३ हजार सात सय २३ मतदाता, २१ हजार नौ सय ५५ मतदान केन्द्र रहेकामा कूल रु पाँच अर्ब चार करोड तीन लाख ९२ हजार खर्च भएको छ। यसअनुसार यो निर्वाचनमा प्रतिमतदाता खर्च रु दुई सय ८४ भएको देखिएको छ। विसं २०७४ को स्थानीय तह निर्वाचनमा मात्रै प्रतिमतदाता खर्च रु पाँच सय नौ भएको थियो। अनावश्यक खर्चका शीर्षक कटौती गरी मितव्ययी तुल्याइएको प्रवक्ता पौड्यालको भनाइ छ।

विसं २०७४ को स्थानीय तह निर्वाचनमा एक करोड ४० लाख ७२ हजार चार सय २४ मतदाता, १८ हजार पाँच सय ७३ मतदान केन्द्र र रु सात अर्ब १५ करोड ७७ लाख १९ हजार खर्च भएको थियो। त्यसबेला दुई चरणमा निर्वाचन भएको थियो।

यस्तै, २०७४ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन एक करोड ५४ लाख २७ हजार नौ सय ३८ मतदाता, १९ हजार आठ सय नौ मतदाता र रु सात अर्ब ८० करोड १४ लाख ४९ हजार खर्च भई प्रतिमतदाता लागत रु पाँच सय छ भएको देखिएको छ।

महालेखा परीक्षकको कार्यालयले निर्वाचन खर्चमा यस वर्ष भएको मितव्ययीताबारे पुष्ट्याइँ माग गरेकामा आयोगले पछिल्ला पाँच निर्वाचनका कूल मतदाता, मतदान केन्द्र, कूल खर्च र प्रतिमतदाता खर्चको हिसाबसहित विवरण उपलब्ध गराएको छ। नेपाल सरकारबाट २०७९ साउन १९ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन मिति २०७९ साल मङ्सिर ४ गते आइतबार देशैभर एकै चरणमा सम्पन्न गर्ने गरी मिति घोषणा भएको थियो। निर्वाचन सम्पन्न गर्न सामान्यतः एक सय २० दिनको अवधि आवश्यक हुनेमा उपलब्ध एक सय सात दिनको समयसीमाभित्रै निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ। यस निर्वाचनअन्तर्गत प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सय ६५ सदस्य र समानुपातिक निर्वाचन प्रणालीतर्फ एक सय १० सदस्य गरी कूल दुई सय ७५ सदस्य निर्वाचित भएका छन्। प्रदेशसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत तीन सय ३० सदस्य निर्वाचित भएका छन् भने समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत दुई सय २० सदस्य गरी कूल पाँच सय ५० सदस्य निर्वाचित भएका छन्।

यो निर्वाचनमा आयोगले विद्युतीय माध्यमबाट खुला प्रतिस्पर्धामार्फत सामग्री खरिद गरेको छ भने ढुवानी योजना बनाई सुरक्षा निकायसँगको समन्वयमा समयमै ढुवानी गरेको थियो। निर्वाचनमा कूल ७२ निर्वाचन सामग्री प्रयोग भएकामा आयोगबाट ५७ प्रकारका सामग्री खरिद गरी १५ प्रकारका सामग्री जिल्ला र स्थानीयस्तरबाटै खरिद गराएको थियो।

आयोगले यस वर्षका निर्वाचनमा मतदाता शिक्षा (घरदैलो कार्यक्रम) मा स्थानीय तहलाई जिम्मेवार बनाएको थियो भने मतदाता शिक्षा कार्यक्रममा विविधीकरण गरिएको (रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन, कन्सर्ट, सामाजिक सञ्जाल, कल सेन्टर आदि) बाट दिएको थियो।

यस्तै सरोकारवाला (कलाकार, निजी क्षेत्र, गैसस, युवा, सञ्चारमाध्यम) सँग सहकार्य गरेको थियो। समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वा चिन प्रयोजनका लागि दर्ता भएका दलको निर्वाचन चिह्न समावेश गरी मतपत्र छपाइ गरेको थियो। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन अधिकृतबाट निर्वाचन चिह्न प्रदान गरेपश्चात् मतपत्र छपाइ कार्य गरिएको थियो।

**स्थानीय तह निर्वाचनमा भएका खर्च र प्रतिमतदाता लागतको विवरण**

प्रतिनिधिसभा सदस्यतर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ राजनीतिक दलले भाग लिएका थिए भने समानुपातिक निर्वाचन प्रणालीतर्फ ४७ दलले बन्दसूची पेस गरेका थिए। निर्वाचन सम्पन्न भएपश्चात् १२ राजनीतिक दलले प्रतिनिधिसभामा विजय हासिल गरेका छन्।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ नियमावलीअनुरुप निर्वाचन व्यवस्थापनको सिलसिलामा सम्पन्न गर्नुपर्ने विभिन्न कार्य प्रक्रियालाई निर्देश गर्न आयोगबाट विभिन्न मितिमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, मतदान तथा मतगणना निर्देशिका, आर्थिक, अनुगमन निर्देशिका, निर्वाचन आचारसंहिता लगायतका आवश्यक निर्देशिका तथा कार्यविधि जारी गरेको थियो।

# मुद्दा फछ्र्यौटमा सर्वोच्चको प्राथमिकता

काठमाडौँ, १४ चैत (रासस)।

सर्वोच्च अदालतले मुद्दा फछ्र्यौटलाई प्राथमिकताका साथ तीव्रता दिएको छ। अदालतका अनुसार ३६ हजार पाँच सयभन्दा बढी लगत रहेको मुद्दामा सात हजार सात सय मुद्दा फछ्र्यौट भइसकेको छ।

"अहिले प्रतिइजलास करिब चार हजार मुद्दा पर्ने अवस्था छ तर चालु आर्थिक वर्षमा प्रतिइजलास करिब नौ सयका दरले मुद्दा फछ्र्यौट भएका छन्", सर्वोच्च अदालतका प्रवक्त विमल पौडेलले भन्नुभयो, "यो सङ्ख्या आफैँमा उल्लेख्य ठूलो हो यद्यपि सर्वोच्च अदालतमा भएको मुद्दाको चापको अवस्था हेर्दा उपलब्धि पनि गौण बन्न पुगेको छ।" अदालतका अनुसार अब २८ हजार आठ सय ५२ मुद्दा फछ्र्यौट हुन बाँकी छन्।

"नेपालको संविधानअनुसार २१ जना न्यायाधीश हुनुपर्ने व्यवस्था छ तर विगत छ महिनादेखि १६ जना न्यायाधीशले मात्र काम गरिरहनुभएको छ", प्रवक्ता पौडेलले भन्नुभयो, "न्यायाधीशको कमी, बजेट, स्रोत र साधनको कमी भए पनि मुद्दा फछ्र्यौटको कामलाई भने प्राथमिकता राखिएको छ।"

सर्वोच्च अदालतमा एक वर्षदेखि कामु प्रधानन्यायाधीशले काम गरिरहनुभएको छ। प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया र सर्वोच्च अदालतमा रिक्त न्यायाधीश प्रक्रिया तत्काल गर्नुपर्ने भए पनि अहिलेसम्म हुन सकेको छैन। मुद्दाको चाप बढ्दै जाने तर न्यायाधीश, स्रोत र साधनको कमीले गर्दा पनि अदालतले सोचेअनुरुप काम गर्न नसकेको प्रवक्ता पौडेलको भनाइ छ।

अदालतमा २०६३ र २०६४ सालमा दर्ता भई विचाराधीन रहेका दुई थान मुद्दा फछ्र्यौट भइसकेका छन्। अब सबैभन्दा पुरानामा मुद्दा २०६५ सालमा दर्ता भएका दुई थान बाँकी छन्। सर्वोच्च अदालतमा पाँच वर्ष नाघेका मुद्दा चार हजार पाँच सय ३० थान छन्। कूल छ हजार तीन सय ४३ मुद्दा रहेकामा एक हजार आठ सय १३ मुद्दा फछ्र्यौट भइसकेका छन्। त्यस्तै, दुई वर्ष नाघेका १६ हजार आठ सय ३८ मुद्दा छन्। कूल २१ हजार एक सय ६२ मुद्दा रहेकामा चार हजार तीन सय २४ थान मुद्दा फछ्र्यौट भइरहेका छन्।

अदालतमा पेसी व्यवस्थापन फाँटमा रहेका मुद्दा सङ्ख्याको अनुपात हेरी सबै फाँटलाई पेसीको कोटा निर्धारण गरिएको छ। सर्वोच्च अदालतमा ४२ वटा मुद्दाका फाँट छन्। अदालतमा कम्तीमा ६ महिनाभित्र कम्तीमा एउटा पेसी तारेख पाउने गरी व्यवस्थापन गरिएको छ। पुराना मुद्दालाई बढीमा दुई महिनाभित्र पेसी तारेख तोकिने व्यवस्था गरिएको छ। इजलास गठन प्रक्रिया गोला प्रक्रियाद्वारा हुने गरेको छ।

"दैनिक पेसी सूचीको निर्धारण गोला प्रक्रियाबाट हुन्छ", प्रवक्ता पौडेलले भन्नुभयो, "एकदम पुराना, राष्ट्रिय महत्व र शीघ्र फछ्र्यौट गर्नुपर्ने मुद्दा हेर्न नमिल्ने इजसालमा नपरोस् भनेर हेर्न मिल्ने न्यायाधीशहरूको बीचमा मात्रै गोला प्रक्रियामार्फत सुनुवाइ गर्ने गरिएको छ।"

अदालतमा पाँच वर्ष नाघेका मुद्दालाई प्राथमिकता दिएको प्रवक्ता पौडेलको भनाइ छ। "एकपटक पेसी पाएको मुद्दा छ महिना नकटाउने गरी काम भइरहेको छ, पाँच वर्ष नाघेका मुद्दाको हकमा भने दुई महिनाभन्दा पछाडि पेसी जाँदैन", उहाँले भन्नुभयो।

सर्वोच्च अदालतमा दैनिकजसो मुद्दाको चाप बढ्दै गइरहेको भए पनि भौतिक पूर्वाधार अवस्था भने दयनीय भएको उहाँको भनाइ छ। करिब १०-१५ हजार मुद्दाको लगत मात्र व्यवस्थापन गर्न सकिने क्षेत्रफलमा करिब ४० हजार मुद्दाको व्यवस्थापन गर्नुपर्ने काम चुनौतीपूर्ण भएको उहाँले बताउनुभयो।

"मिसिल सुरक्षित राख्न सक्ने ठाउँ छैन, कोठाभित्र मिसिल राख्न पर्याप्त स्थान नभएपछि कोरिडोरमा मिसिल राख्नुपरेको छ", प्रवक्ता पौडेलले सर्वोच्च अदालतको भौतिक अवस्थाबारे जानकारी गराउँदै थप्नुभयो, "कर्मचारी बस्नका लागि पर्याप्त स्थान समेत छैन, यस्तो अवस्थामा काम गर्ने वातावरण पनि सहज बनाउन सकिएको छैन।"

सर्वोच्च अदालतमा मुद्दाको चाप बढ्दै गएपछि सेवाग्राही हिँड्ने बाटोमा मिसिलका दराज, कार्यकक्षमा पनि मिसिल जताजतै राखिएको छ। सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि अझै एक वर्ष जति लाग्ने देखिएको छ। उक्त भवन नबनाउँदासम्म पर्याप्त ठाउँको समेत अभाव देखिएको हो।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


# चैती छठ पर्व सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत।**

मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै चैती छठ पर्व सम्पन्न भएको छ।

चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन मंगलबार बिहान तराईको महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत मिथिलाञ्चलभरिको जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै धुमधामका साथ चैती छठ पर्व सम्पन्न भएको छ। विभिन्न पोखरी, तलाउ तथा जिल्लाको प्रसिद्ध नदी बिग्ही, रातो मरहा, जङ्गहा, अङ्कुसी नदी तथा नहरको किनारमा धार्मिक विधिपूर्वक छठ पर्व मनाइएको छ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने तथा सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ। सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको घुइचो लाग्छ।

यसअघि षष्ठीका सोमबार साँझ व्रतीले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउन्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ्य अर्पण गरेका थिए।

### ३६ परिक्षाकेन्द्र ...

जानकारी दिएका छन्।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको परिक्षा समन्वय समितीले परिक्षाको तयारीका लागी विभिन्न गतिविधी अघि बढाएको तथा परिक्षालाई मर्यादित बनाउन आवश्यक सम्पुर्ण तयारी पुरा भएको शिक्षा विकास तथा समन्वय एकाईले जनाएको छ।

# रक्सौल-काठमाडौं रेलमार्गको डिपिआर तयार पारिँदै

वीरगञ्ज, १४ चैत (रासस)।

भारतको रक्सौलदेखि काठमाडौँसम्म रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण सुरु भएको छ। कूल एक सय ३६ किलोमिटर लम्बाइको रेलमार्गको सम्भाव्यता अध्ययन भई डिपिआर निर्माण सुरु भएको नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ।

"भारतीय रेल्वे कम्पनी कर्पोरेसन (कोङ्कण)को प्राविधिक टोलीले रेलमार्गको डिपिआर तयार पारिरहेको छ", नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक नीरञ्जनकुमार झाले भन्नुभयो, "एक महिनाभित्र डिपिआर तयार भइसक्छ।" डिपिआर स्वीकृतपछि निर्माणले गति लिने उहाँको भनाइ छ।

नेपाल र भारतबीच २०७६ साल भदौ १५ मा रक्सौल-काठमाडौं रेलमार्गको प्रारम्भिक सम्भाव्यता अध्ययनका लागि सम्झदारी पत्रमा हस्ताक्षर भएपछि डिपिआर तयार पार्न नेपालले २०७७ सालमै भारतलाई औपचारिक प्रस्ताव पठाएको थियो। सोही प्रस्तावअनुसार डिपिआर निर्माण भइरहेको महाप्रबन्धक झाको भनाइ छ।

भारतसँग जोडिने अन्तरदेशीय रेलमार्ग ब्रोडगेजमा बनाउने गरी प्रारम्भिक सम्भाव्यता अध्ययन भए पनि सरकारले सो रेलमार्ग स्ट्यान्डर्ड गेजमा बनाइदिन आग्रह गर्दै आएको छ। भारतीय रेल्वे कम्पनी कोङ्कणले नेपाल सरकारसँगको समन्वयमा आठ महिनामा प्रतिवेदन तयार पारेको थियो। प्रारम्भिक अध्ययनअनुसार रेलमार्गको दूरी एक सय ३६ किलोमिटर हुने र रेलमार्गका लागि सुरुङ तथा विशेषखालको पुल निर्माण गरिने छ।

रक्सौल-काठमाडौँ सिधा रेल सेवा सञ्चालन भएपछि यहाँको व्यापार व्यवसायीले गति लिने वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवालको विश्वास छ। "वीरगञ्ज यसै पनि मुलुकको आर्थिक राजधानीको रूपमा परिचित छ", उहाँले भन्नुभयो, "त्यसमा रक्सौलबाट सिधैँ वीरगञ्ज हुँदै काठमाडौँसम्म रेल चल्न थालेपछि यहाँको आर्थिक अवस्था थप चलायमान हुन्छ र मुलुकको अर्थतन्त्रमा ठूलो टेवा पुग्छ।"

यस्तै नेपाललाई रेल सञ्जालमा जोड्ने महोत्तरीको बर्दिबासदेखि बाराको निजगढसम्मको रेलमार्ग निर्माणका लागि माटो फिलिङको कार्यसमेत भइरहेको महाप्रबन्धक झाले बताउनुभयो।

जयनगर-बर्दिबास रेलमार्ग अन्तर्गत धनुषाको कुर्थादेखि महोत्तरीको विजलपुरासम्म १७ किलोमिटर ब्रोडगेज रेलमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ। कुर्थादेखि विजलपुरासम्म रेलमार्गको ट्र्याक निर्माणको मुख्य कार्यहरू सम्पन्न भइसकेकाले केही दिनभित्रै भारतीय निर्माण कम्पनीले नेपाल रेल्वे कम्पनीलाई ट्र्याक हस्तान्तरण गर्ने महाप्रबन्धक झाको भनाइ छ।

"रेल्वे ट्र्याक हामीलाई हस्तान्तरण हुने तयारी भइरहेको छ", महाप्रबन्धक झाले भन्नुभयो, "त्यो हस्तान्तरण भएसँगै हामी विजलपुरासम्म रेल गुडाउँछौँ।" केही दिनअघि कुर्थादेखि विजलपुरासम्म रेल गुडाएर परीक्षणसमेत गरिएको थियो। विजलपुरादेखि बर्दिबाससम्मको १८ किलोमिटर रेलमार्ग निर्माणमा जग्गा मुआब्जा विवाद बाधक बन्दा समस्या भएको छ।

"जग्गा मुआब्जाको समस्यालगायतका कारण विजलपुरा भङ्गाहादेखि बर्दिबाससम्म रेलमार्ग निर्माणको काम प्रभावित भएको", नेपाल रेल्वे कम्पनीका इञ्जिनियर रवीन्द्र साहले भन्नुभयो, "कतिपय ठाउँमा व्यवहारिक रूपमा बाटो देखिएको छ, तर नक्शामा सडक छैन, यद्यपि स्थानीयले मुआब्जा मागिरहेका छन्।"

कतिपय ठाउँमा ऐलानी जग्गामा दलित बस्ती भएको र उनीहरूसँग कुनै कागज नभएको उहाँको भनाइ छ। उहाँले स्थानीयले मुआब्जा मागेर विवाद गरिरहेको बताउनुभयो। जसका कारण रेल्वे ट्र्याक निर्माणमा समस्या भएको उहाँको कथन छ।

"हामीहरूले चाहेर पनि समस्या समाधान गर्न सकेका छैनौं,रहेको छैन्", इञ्जिनियर साहले भन्नुभयो, "मुआब्जाको समस्या समाधान भएपछि दुई वर्षभित्र ब्रोडगेज रेलमार्ग निर्माण सकेर बर्दिबाससम्म रेल चल्न थाल्छ।"

नेपालमा रेल सञ्जाल विस्तार गर्नेबारे नेपाल र भारत सरकारबीच सन् २०१० मा भएको द्विपक्षीय सम्झौता भएको थियो। सोहीअनुसार २०११ देखि निर्माण थालनी भएको थियो। ब्रोडगेज निर्माणको ठेक्का भारतीय ठेकेदार कम्पनी इरकन इन्टरनेसनल लिमिटेडले प्राप्त गरी कम्पनीको निगरानीमा धनुषा र महोत्तरीमा दुईवटा निर्माण कम्पनीलाई ठेक्का दिएर काम अघि बढाइएको नेपाल रेल्वे कम्पनीले जनाएको छ।

जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेलमार्गमा गत २०७८ चैत २० देखि नियमित रेल सेवा सञ्चालन भइरहेको छ। सो मार्गमा चल्ने रेल सेवाको गत २०७८ चैत २० गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा उद्घाटन गर्नुभएको थियो। त्यसयता रेल सेवा दैनिक दुई पटक आउने र दुई पटक जाने गरिरहेको छ।

# 'बालबालिका विद्यालय ल्याउने दायित्व अभिभावकको'

काठमाडौँ, १४ चैत (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने मुख्य दायित्व अभिभावकको भएको बताउनुभएको छ।

'आसमान नेपाल'ले मधेस प्रदेशमा सञ्चालन गरेको 'निक शिक्षा दिअ' (राम्रो शिक्षा देऊ) परियोजनाको सिकाइ आदानप्रदान गर्न मंगलबार आयोजित कार्यक्रममा सचिव सुवेदीले शिक्षकले विद्यालयमा आएका बालबालिकालाई राम्रो शिक्षा दिने दायित्व लिएको र विद्यार्थीलाई विद्यालयमा पठाउने मुख्य दायित्व अभिभावककै भएको बताउनुभयो। उहाँले शिक्षामा लगानी बढाउनुपर्ने चुनौती सरकारसँग रहेको र अन्य पक्षबाट पनि सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो।

सरकारी आँकडाअनुसार मुलुकभर विद्यालय जाने उमेर समूहका करिब तीन प्रतिशत बालबालिका छन्, भने मधेस प्रदेशमा यो सङ्ख्या बढी पाइको छ। मधेस प्रदेशमा हालसम्म कुनै पनि जिल्ला र पालिका पूर्ण साक्षर घोषित भएका छैनन्। सो संस्थाले नर्वेली राजदूतावास्को सहयोगमा धनुषाको गणेशमान–चारनाथ नगरपालिका, लक्ष्मीनियाँ नगरपालिका, नगराइन नगरपालिका र सबैला नगरपालिकाकाका ४० वडामा बालिका र सीमान्तकृत बालबालिको गुणस्तरीय शिक्षालाई केन्द्रित गरी सो परियोजना चलाएको हो।

परियोजनाले 'इच वान टिच फाइभ', 'लर्निङ सेन्टर', जन्मदर्ता शिविर, आमा समूह, बाल क्लब, किशोरी सञ्जाल गठन, गुनासो सुनुवाइ संयन्त्र स्थापना तथा शिक्षकको क्षमतावृद्धि कार्यक्रम सञ्चालन गरेको थियो भने बालिकालाई बालश्रमिकबाट मुक्त गराइ नियमितरूपमा बालिकालाई लैजानका लागि 'ठूली दिदी–सानी बहिनी' कार्यक्रम सञ्चालन गरेको थियो। ठूली दिदीले अभिभावकका घरघरमा गएर सानी बहिनीहरूलाई विद्यालयमा लान भूमिका खेलेका थिए।

शिक्षा मन्त्रालयका सहसचिव भगवान अर्यालले मधेस प्रदेशको शिक्षा सुधारमा भएका असल अभ्यासको सिकाइ अनुभव आदानप्रदानले आगामी दिनमा गर्नुपर्ने कार्यका लागि मार्गदर्शन मिलेको बताउनुभयो। मधेस प्रदेशको शिक्षा, विज्ञान प्रविधि तथा वाणिज्य मन्त्रालयका उपसचिव दिलीपकुमार ठाकुरले सङ्घीयतासँगै प्रदेश सरकारमातहत शिक्षाको संरचना नभएको तथा विद्यायलका लागि स्रोत व्यक्ति र विद्यालय निरीक्षकको व्यवस्था नभएकाले अनुगमन कार्य चुनौतीपूर्ण भएको बताउनुभयो।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रका निर्देशक सुरेशकुमार जोशीले विद्यालय शिक्षण प्रणाली सुधार्न अनुगमन र मूल्याङ्कन कार्य गर्न नीति र बजेटसहित सबै स्थानीय तहमा पठाइएको बताउनुभयो। सन् २०१६ देखि सञ्चालित परियोजनाका कारण सबै पालिकामा विद्यालय जाने उमेरका शतप्रतिशत बालबालिका विद्यालय भर्ना भएको आसमान नेपालका सुशासन सल्लाहकार गुरुप्रसाद सुवेदीले बताउनुभयो। मधेस प्रदेशको गणेशमान–चारनाथ नगरपालिकाका शिक्षा प्रमुख छोटे मुखियाले सो पालिकामा अपाङ्गता भएकासहित २२ जना विद्यालय जाने उमेर समूहका बालबालिका विद्यालय बाहिर रहेको बताउनुभयो।

नर्वेली राजदूतावासका 'हेड अफ कोअपरेशन' क्रिष्टिन एच स्टोरहोल्टले परियोजनाबाट प्राप्त उपलब्धि दिगो विकास लक्ष्य र शिक्षा क्षेत्रका लागि सार्थक हुने अपेक्षा व्यक्त गर्नुभयो। उहाँले नर्वेली सरकारले नेपालका सबै सीमान्तकृत बालबालिका र बालिकाको शिक्षाका लागि निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। आसमान नेपालका कार्यकारी निर्देशक नवलकिशोर यादवले मधेस प्रदेशमा 'सबै बालबालिका पूर्ण–समय औपचारिक दिवा स्कूलमा हुनुपर्छ' भन्ने अभियान सञ्चालन जारी राखिने बताउनुभयो।

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज

### ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना

**भुली देवी चौधरी** दर्ता रहेको साविक ......... मौजा रै.नं......... हाल तपसिल बमोजिम नापी भएको जग्गा **मेरो नाममा नामसारी** गरी प्रमाण पूर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **खोजपुर** वार्ड नं. ६ हाल **खडक न.पा. वडा नं. ५** बस्ने **श्री तारणी प्रसाद चौधरी**को द.नं. ८६४२ मिति २०७८/०१/१५ मा निवेदन परी **३५** दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०७९/१/१५ मा आदेश भए अनुरुप यो **३५** दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **नामसारी** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| कल्याणपुर | १ क | २०१ | ०-२-११/२ | | |


# विश्व समाचार

## कोभिडबाट असी लाखभन्दा बढी बालबालिका अनाथ

न्युयोर्क, १४ चैत (रासस/सिन्ह्वा)।

कोभिड-१९ बाट विश्वभर ८० लाखभन्दा बढी बालबालिका अनाथ भएका छन्। विश्व स्वास्थ्य सङ्गठनले सन् २०२० को मार्चमा कोभिड-१९ लाई महामारी घोषणा गरेयता विश्वव्यापीरूपमा उक्त सङ्ख्यामा बालबालिका अनाथ भएका अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्कले जनाएको छ।

कोभिड महामारीको प्रभावका सम्बन्धमा खोज गरेको इम्पेरियल कलेज, लण्डनका अनुसार महामारीको तीन वर्षको अवधिमा संयुक्त राज्य अमेरिकामा दुई लाख ३८ हजार पाँच सय बालबालिकाले अभिभावक गुमाएका छन्।

अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम नियन्त्रण केन्द्रले अभिभावक गुमाएका बालबालिका गरिबीतर्फ धकेलिएका, दुर्व्यवहारको जोखिममा रहेका, उनीहरूको शरीरिक एवम् मानसिक विकास तथा मानसिक स्वास्थ्यका साथै शिक्षामा चुनौती थपेको बताएको छ।

कोरोनाका कारण सबैभन्दा धेरै अभिभावक गुमाउने अमेरिकी छ राज्यमध्ये क्यालिफोर्निया पहिलो स्थानमा छ। न्युयोर्क राज्यले अभिभावक वा आफ्नो हेरचाह गर्ने गुमाएका बालबालिकाका निम्ति छात्रवृत्ति कोषमार्फत आर्थिक सहयोग गर्ने वैधानिक व्यवस्था गरेको छ। कोषबाट अभिभावक गुमाएका बालबालिकाको शिक्षादीक्षा, आवासको प्रबन्ध गरिनेछ।

## नासभिल प्रावि गोलीकाण्ड : ६ जना मारिए

नासभिल (टेनेसी), १४ चैत (रासस/एपी)

यहाँस्थित एक प्राथमिक विद्यालयमा भएको गोलीकाण्डमा तीन जना बालबालिकासहित छ जनाको मृत्यु भएको छ। यहाँको कोभिन्ट प्राथमिक विद्यालयका पूर्वविद्यार्थीले गोली चलाएको प्रहरीको अनुमान छ।

आक्रमणमा नौ वर्षका तीन जना बालबालिका तथा ६० वर्षभन्दा माथिका तीन जना शिक्षक मारिएका प्रहरीले जनाएको छ। आक्रमणकारी २८ वर्षीय अड्रे हेललाई पनि प्रहरीले कारबाहीमा मारेको छ।

तीन देखि ११ वर्षका बालबालिकालाई पढाइने उक्त विद्यालय निजी क्षेत्रबाट सञ्चालित क्रिश्चियन स्कूल हो।

गोलीकाण्डपछि विद्यालयले एक विज्ञप्ति जारी गर्दै विद्यालय परिवार स्तब्ध भएको जनाएको छ। "हामी अकल्पनीय क्षतिको शोकमा छौँ, हाम्रो पाठशाला र गिर्जाघर चकनाचुर भएको छ, हामी हाम्रा छात्रछात्रा, शिक्षक र कर्मचारीको कल्याणमा केन्द्रित छौँ," विज्ञप्तिमा भनिएको छ।

गत वर्ष टेक्ससको उभाल्डेमा रहेको एउटा प्राथमिक विद्यालयमा भएको आम नरसंहारको घटना सेलाउन नपाउँदै भर्जिनियाको अर्को विद्यालयका कक्षा एकमा पढ्ने बालकले आफ्नै शिक्षिकामाथि गोली प्रहार गरेका थिए। गत साता डेनभरमा पनि विद्यालयमा भएको गोलीकाण्डमा दुई जना घाइते भएका थिए।

बन्दुक हिंसासम्बन्धमा अभिलेख राख्दै आएको एक अमेरिकी संस्थाका अनुसार सन् २०२३ प्रारम्भ भए यता एक सय २९ वटा गोलीकाण्ड भइसकेका छन् जसमा चार जनाभन्दा बढीको ज्यान गएको छ।

यसैबीच, गोलीकाण्डबाट आहत हुनुभएका राष्ट्रपति जो बाइडेनले बन्दुक हिंसाविरुद्धको अभियानलाई पूर्णता दिन अमेरिकी विधायकलाई पुनः आह्वान गर्नुभएको छ।

## जर्मनीद्वारा युक्रेनलाई लियोपार्ड-२ ट्याङ्क प्रदान

वर्लिन, १४ चैत (रासस एएफपी)।

जर्मनीले युक्रेनलाई लियोपार्ड-२ ट्याङ्क प्रदान गरेको छ। युक्रेनलाई हतियार सहायता गर्ने जर्मनीको प्रतिबद्धताअनुसार लियोपार्ड-२ ट्याङ्कको पहिलो खेप किएभ पठाइएको रक्षा मन्त्रालयले जनाएको छ।

युक्रेनी टोलीलाई लियोपार्ड-२ ट्याङ्क प्रयोग र सञ्चालनको प्रशिक्षण दिएपछि पहिलो खेपमा १८ वटा अत्याधुनिक युद्ध ट्याङ्क पठाइएको रक्षामन्त्री बोरिस पिस्टोरियसले बताउनुभएको छ। गत जनवरीमा जर्मनीले युक्रेनलाई लियोपार्ड-२ ट्याङ्क प्रदान गर्ने आश्वासन दिएको थियो।

"हाम्रा युक्रेनी साथीहरूले ट्याङ्क प्राप्त गर्नभएको छ , लामो समयसम्म हाम्रो सेनाले युक्रेनी पक्षलाई ट्याङ्क प्रयोग र सञ्चालनको प्रशिक्षण दिएको थियो," रक्षामन्त्री पिस्टोयिसले भन्नुभएको छ।

किएभबाट प्राप्त समाचारअनुसार बेलायतले प्रदान गरेका च्यालेञ्जर-२ ट्याङ्क पनि युक्रेन पुगेका छन्। गत वर्ष रुसले आफूमाथि आक्रमण गरेपछि युक्रेनले आफ्ना समर्थक मुलुकसँग थप आधुनिक सवारी साधन र हतियार माग गर्दै आएको थियो।

बेलायतबाट आफूलाई लियोपार्ड-२ प्राप्त भएको सम्बन्धमा किएभले कुनै जानकारी नदिए पनि च्यालेञ्जर-२ ट्याङ्क प्राप्त गरेको पुष्टि गरेको छ।

बेलायतको रक्षा मन्त्रालयका प्रवक्ता इरिना जोलोटारले च्यालेञ्जर-२ ट्याङ्क युक्रेन पुगेको जानकारी दिँदै युक्रेनी सैन्य टोलीले ट्याङ्क सञ्चालनको तालिम बेलायतमा लिएको बताउनुभएको छ। यद्यपि उहाँले लियोपार्ड-२बारे कुनै जानकारी दिनुभएन।

# गाउँपालिका स्तरीय क्रिकेट प्रतियोगिता सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा मंगलबारदेखि गाउँपालिका स्तरीय टी ट्वान्टी क्रिकेट प्रतियोगिता सुरु भएको छ ।

सप्तरी क्रिकेट संघसँगको समन्वयमा संचालित उक्त प्रतियोगितामा वडा नं. १ तिलाठीले विजयी सुरुवात गरेको छ । तिलाठीले वडा नं. ८ तोपालाई ५२ रनले पराजित गरेको हो ।

टस जितेर ब्याटिङ्ग गरेको तिलाठीले निर्धारित २० ओभरमा ७ विकेट गुमाई १ सय ५८ रन बनाएको थियो । जसमा शिव कामैतले चार छक्काको मद्दतले ४६ बलमा ६१ रन बनाए भने आशिक मिश्रले २२, मुकेश यादवले १८ र राजकुमार यादवले १२ रन बनाएका थिए । तोपाका लागि भरत दासले २ तथा दिपेन्द्र मण्डल, सुनिल यादव र रविन्द्र मण्डलले १/१ विकेट लिए ।

एक सय ५९ रनको बिजयी लक्ष्य लिएर मैदानमा ओर्लेको वडा नं. ८ तोपा टिमले २० ओभरमा ८ विकेट गुमाई १ सय १ रन मात्र बनाउन सक्यो भने पेनाल्टीको रुपमा पाँच रन थप पाएको थियो ।

तोपाका लागि भरत दासले सर्वाधिक १४ रन बनाए भने चन्द्र भुषण मण्डल, सुनिल यादव र धनराज मण्डलले समान १२/१२ रनको योगदान दिएका थिए । तिलाठीको लागि चन्दन झा, सुनिल यादव र कारी झाले २/२ विकेट लिए भने मिथुन यादव र शिव कामैतले १/१ विकेट हात पार्दै आफ्नो टिमलाई विजयी गराउन सफल भए । उक्त खेलमा वडा नं. १ तिलाठीका शिव कामैतलाई म्यान अफ द म्याचको पुरस्कार प्रदान गरियो ।

यसअघि तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, वडा अध्यक्षहरु दिनेश्वर मिश्र, ललनप्रसाद राउत र सत्यनारायण यादवले मन्तब्य ब्यक्त गरेका थिए । उक्त कार्यक्रम गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले सञ्चालन गरेका थिए ।

## म्याजिकले बसलाई ...

प्र.२-०१-००३प. ८५७२ नं.को मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार दुई जना घाइते भएका छन् ।

घाइते हुनेहरुमा मोटरसाइकल चालक सप्तरीकै विष्णुपुर १ थलही बस्ने २३ वर्षिय सरिफ मन्सुर र पछाडी सवार तिलाठि कोइलाडी ८ बस्ने २२ वर्षिय छोटु मन्सुरी रहेका छन् । दुबै जनाको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

# आगलागिमा सात वटा खसी, बाखा जले

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

सप्तरीको खडक नगरपालिका ३ बनरझुलामा विद्युतको तार सट भइ आगलागि हुँदा मंगलबार सात वटा खसी, बाखा जलेर मेरका छन् ।

स्थानिय अरुण चौधरीको टिन र काठले बनेको गाई गोठमा बिद्युतको तार सट भई आगलागि हुँदा खसी, बाखासहित आलु, काठ र गाई गोठ समेत जलदा सात लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

नेपाल प्रहरी, दमकल र स्थानिय मानिसहरुको सहयोगमा आगो नियन्त्रणमा लिइएको तथा घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# विषादी सेवन गर्ने संख्या बढ्दै

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

जिल्लामा अहिले विषादी सेवन गरि आत्महत्या गर्ने घटना बढ्दै गइरहेको छ ।

पछिल्लो पटक सप्तरीको महदेबा गाउँपालिका वडा नं. ६ निवासी रामचन्द्र मण्डलका १४ वर्षिय छोरा रुपक कुमार मण्डलले तरकारीमा छर्ने विषादी सेवन गरेका छन् ।

विषादी सेवन गरि बिरामी भएका उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

यसअघि पनि जिल्लामा एक साताभित्र ४ चार जनाले विषादी सेवन गरेको प्रहरीले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**



## हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*